# सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत संचालित सहकारीक्षेत्र सुदृढीकरण आयोजनाको अनुदान कार्यक्रमको तेस्रो पक्षद्वारा भएको स्वतन्त्र मूल्याङ्कनको स्थलगत अनुगमन भ्रमण प्रतिवेदन




प्रस्तुतकर्ता
राष्ट्रिय योजना आयोगको सचिवालय,
अनुगमन तथा मूल्याङ्कन महाशाखा
सिंहदरवार, काठमाण्डौं

## १. पृष्ठभूमिः

राष्ट्रिय योजना आयोगको सचिवालयले सम्पन्न वा कार्यान्वयन कममा रहेका नीति, कार्यक्रम तथा आयोजनाहरुको मूल्याङ्कन गरी त्यसबाट प्राप्त नतिजालाई प्रयोग गर्दै नीति तथा निर्णयलाई तथ्य तथा सूचनामा आधारित वनाउन प्रयास गरिरहेको छ । यसक्रममा चालू आ.व. ०७२/७३ मा स्वतन्त्र मूल्याङ्कनकर्ता संस्थाबाट मूल्याङ्कन गराउने गरी ३ वटा कार्यक्रम/आयोजनाको मूल्याङ्कन गराउने क्रममा सहकारी क्षेत्र सदृढीकरण आयोजना अन्तर्गत सहकारी संस्थाहरुलाई दिईएको अनुदान कार्यक्रमको Nepal Environment Protection Center बाट मूल्याङ्कन गराउने निर्णय भएको छ ।

उल्लेखित कार्यक्रम मूल्याङ्कनको लागि छनौट भएका संस्थाद्वारा पेश भएका Inception Report मा प्रस्ताव भए बमोजिम छनौट भएका जिल्लाहरुबाट सूचना तथा तथ्याङ्क संकलनको लागि फिल्डमा खटिएका सूचना संकलकहरुको कामको अनुगमन गर्न तथा सम्बन्धित कार्यालयका पदाधिकारी तथा सरोकारवालाहरुसंग अन्तरक्रिया गरी आयोजना तथा कार्यक्रमको सत्य तथ्य पत्ता लगाउनको लागि राष्ट्रिय योजना आयोगको सचिवालयको नतिजा व्यवस्थापन तथा मूल्याङ्कन शाखाबाट यो स्थलगत अनुगमन कार्य सम्पन्न गरिएको छ ।

## २.कार्यक्रमको परिचय :

### सहकारीक्षेत्र सुदृढीकरण आयोजना अन्तर्गत अनुदान कार्यक्रम

आ.व. २०६५/६६ देखि विभिन्न प्रकृतिका सहकारी उद्योग एवम् व्यवसाय स्थापना गर्न साविक नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग मार्फत् सरकारी अनुदान दिने व्यवस्था सुरु गरिएको देखिन्छ । हाल सहकारी मन्त्रालय छुट्टै भए पनि विभाग भने पहिलेकै रहेको हुनाले कार्यक्रमले निरन्तरता पाईरहेको छ ।

सहकारी अनुदान कार्यक्रम अन्तर्गत खुला प्रतिस्पर्धाको आधारमा निम्न पाँच सहकारी क्षेत्र सुधारका लागि अनुदान वितरण गर्ने गरेको देखिन्छ :

(१) केन्द्रीय सहकारी महासंघ तथा केन्द्रीय सहकारी संघको क्षमता बृद्धि अनुदान,
(२) साधारण सहकारी संघ संस्थालाई उत्पादन तथा प्रशोधन उद्योग स्थापना अनुदान,
(३) महिला लक्षित खाद्य प्रशोधन उद्योगहरुको स्थापना अनुदान,
(४) दलितहरुको परम्परागत पेशा आधुनिकीकरण गर्न अनुदान,
(५) सीमान्तकृत लक्षित वर्ग जस्तै हरुवा, चरुवा, वादी, भूमिहीन आदिका लागि उत्पादनमूलक सहकारी संस्थाको स्थापना गर्न अनुदान ।

सहकारी अनुदान कार्यक्रमको मुख्य उद्देश्य सहकारी भावनाका साथ स्थापना भएका साना तथा स्रोत अभाव भएका सहकारीलाई आर्थिक सहयोग गरी उनीहरुलाई सहकारी उद्योग स्थापना तथा व्यवसाय स्थापना र संचालन गर्न सहयोग गरी स्थानीयस्तरमा उत्पादन वढाउन र रोजगारीका नयाँ अवसर सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउनु रहेको छ ।

## ३. अनुगमन भ्रमणको उद्देश्यः

- तेश्रो पक्षद्वारा भैरहेको मूल्याङ्कन कार्यको स्थलगत अनुगमन गर्ने ।
- कार्यक्रमसंग सम्बन्धित पदाधिकारीहरु तथा अन्य सरोकारवालाहरुसंग अन्तरक्रिया गरी सत्य तथ्य पत्ता लगाई प्रतिवेदन गर्ने ।

## ४. अनुगमन भ्रमणमा सूचना संकलनको विधिः

अनुगमनको क्रममा निम्नानुसारको विधि अपनाई सूचना संकलन गरिएको छ ।

- मूल्याङ्कनकर्ताहरुको कामको स्थलगत अनुगमन,
- लक्षित समूह तथा सरोकारवालाहरुसंग अन्तरक्रिया,
- स्थलगत अवलोकन तथा निरीक्षण
- सम्बन्धित आयोजना प्रमुख/कार्यालय प्रमुखसंगको छलफल तथा अन्तरक्रिया
- उपभोक्ता समितिका पदाधिकारीहरुसंग छलफल तथा अन्तरक्रिया
- आयोजनासंग सम्बन्धित दस्तावेजको अध्ययन ।

## ५.अनुगमनमा संलग्न कर्मचारीहरुको विवरण तथा भ्रमण अवधि

२०७३ असार पहिलो र दोश्रो हप्तामा गरिएको अनुगमन भ्रमणमा यस सचिवालयका का.नि. श्री श्याम प्रसाद भण्डारी, गोकुल खड्का र रामप्रसाद आचार्य, उप सचिव श्री राम वावु अधिकारी (कृषि बिकास मन्त्रालय), यो.अ. अनुप के.सी., श्री केशव श्रेष्ठ, निरञ्जन ज्ञवाली र श्री मीना देवी श्रेष्ठ संलग्न हुनुभएको थियो ।

## ६.अनुगमन भ्रमणको कार्य प्रगति र देखिएको यथार्थताः

सहकारीक्षेत्र सदृढीकरण आयोजनाको अनुदान कार्यक्रमको तेश्रो पक्षद्वारा गरिएको मूल्याङ्कनको अनुगमनको प्रगति र देखिएको यथार्थता देहाय वमोजिम रहेको छ ।

**समूहसंगको छलफल कार्यक्रम (Focus Group Discussion) सम्बन्धी विवरण**

| सि.नं | संस्था | सम्पन्न FGD |
|---|---|---|
| १. | कुविन्डे दुग्ध संकलन सहकारी संस्था, सिन्धुपाल्चोक | १ |
| २. | सुनदेवी अर्गानिक कृषि सहकारी लि.(गाई फर्म) गजुरी, धादिङ्ग | १ |
| ३. | कन्याम अर्ग्यानिक चिया उत्पादन तथा प्रशोधन सहकारी सस्था, सुर्योदय न.पा., इलाम | १ |
| ४. | हंसेदुम्से दुग्ध उत्पादक सहकारी संस्था लि. आमचोक, झापा | १ |
| | जम्मा | ४ |

सहकारीक्षेत्र सुदृढीकरण आयोजना अन्तर्गत अनुदान कार्यक्रमको मूल्याङ्कनकर्ताहरुबाट विभिन्न जिल्लामा गरिएको स्थलगत सूचना संकलनको सन्दर्भमा देहायको कार्यको स्थलगत अनुगमन गरिएको छ ।

**१. सहकारी क्षेत्र सुदृढीकरण अन्र्तगत सहकारी सस्थालाई दिइएको अनुदान कार्यक्रम (सिन्धुपाल्चोक )**
यस कार्यक्रमको मूल्याङ्कनमा सहभागी सुपरभाइजर श्री गुणराज देवकोटा, गणकहरु सुमन मैनाली, सुस्मा श्रेष्ठ र शान्ति लिम्वुको टोलीले यस जिल्लामा सम्पन्न गर्नुपर्ने ८४ घरधुरी सर्वेक्षण, २ वटा समूह छलफल र ४ वटा मुख्य सुचनादातासंगको अन्तरवार्ता मध्ये कुविन्डे दुग्ध उत्पादक सहकारी संस्थासंग भएको समूहगत छलफलको निरिक्षण तथा स्थलगत अनुगमन गरियो । सो क्रममा निम्नानुसारको सूचना तथा जानकारी प्राप्त भयो ।

कुविन्डे दुग्ध उत्पादक सहकारी संस्था सिन्धुपाल्चोकलाई गाईपालन गर्ने उद्येश्यले २०६६ सालमा चार लाख रुपैया अनुदान स्वरुप उपलब्ध गराईएको, २०७२ साल बैसाख १२ मा आएको भूकम्पवाट ५ वटा गाई, गोठ र भवन क्षति भएको, नौविसेमा दुग्ध संकलनको लागि वार्षिक रु.४८,०००।- मा घरभाडामा लिई चिस्यान केन्द्र स्थापना गरिएको, यस सहकारी संस्थामा दलित लगायत ६५२ जना शेयर सदस्य रहेको र प्रत्येक वर्ष साधारण सभा गरी लाभांस समेत वितरण गर्ने गरिएको, २०४९ सालमा बहु उद्येश्यीय पशु विकास सहकारी संस्था स्थापना गरी २०५६ वैशाखवाट वचत तथा ऋण सहकारीको रुपमा कार्य संचालन गर्दै आएको तथा पशु चिकित्सक तथा प्राविधिक कर्मचारीको अभाव रहेको देखिन्छ ।



(कुविण्डे दुग्ध उत्पादक सहकारी सदस्यसंगको छलफल र घरधुरी सर्वेक्षणको अनुगमन)

२. **सुनदेवी अर्गानिक कृषि सहकारी लि.(गाई फर्म) गजुरीमा** सूचना संकलनका लागि खटिएको टोली (सुष्मा श्रेष्ठ र शान्ति लिम्वु) ले लक्षित समुदाय तथा उक्त सहकारीका अध्यक्ष, व्यवस्थापक, कोषाध्याक्ष र अन्य सेयर सदस्य समेत गरी ९ जना सहभागी भएको समूह छलफलमा उठेका केही मुख्य सवालहरुः

अनुदानलाई कृषकको स्तर सम्म लानु पर्ने, सहकारीले ठाँउ विषेश हेरेर अनुदान दिने नीति ल्याउनु पर्ने, आयोजनावाट लिएको ऋणले गाईको गोठ वनाइएको, अन्य सहकारीहरुवाट पनि ऋण लिएको, यस क्षेत्रमा गाई पालनका लागि उपयुक्त नदेखिएको (घाँस, ढुवानी लगायतका समस्या) ले अव बाख्रा पाल्ने योजना वनाइएको, भूकम्पका कारण फर्म घाटामा गएको, लगानी वढ्न नसकेको र लगानी उठ्न पनि सकेको छैन । राजनीतिक र अन्य पहुँचका आधारमा अनुदान दिने गरेको आरोप लगाइयो ।



***नोटः** सुनदेवी अर्गानिक कृषि सहकारी लि.(गाई फर्म) गजुरीमा लक्षित समुदायसँग गरेको समूह छलफल*

**डिभिजन सहकारी कार्यालय, धादिङका कार्यालय प्रमुख र अन्य कर्मचारीहरु सँगको छलफलः**

यस आयोजना अन्तर्गत धादिङमा डिभिजन कार्यालय निर्माण, फर्निचर तथा अन्य सामाग्रीको खरिद, क्षमता विकास कार्यक्रम, सहकारी साक्षरता कार्यक्रम संचालन र अनुगमन तथा निरीक्षण हुने गरेको । सहकारीहरुलाई दिइने अनुदान डिभिजन कार्यालय मार्फत दिइनु पर्ने, हाल डिभिजन कार्यालयमा अनुदानको विवरण समेत उपलव्ध गराइएको छैन । बजेटको न्यूनताका कारण डिभिजन कार्यालयवाट अनुगमन गर्न कठिनाई भएको छ ।

**३. सहकारी क्षेत्र सुदृढीकरण अन्तर्गत सहकारी सस्थालाई दिइएको अनुदान कार्यक्रम (इलाम) :**

सहकारी क्षेत्र सुदृढीकरण अन्तर्गत सहकारी सस्थाहरुलाई दिइएको अनुदान कार्यक्रमको स्वतन्त्र तेश्रो पक्ष मूल्याङ्कनको लागि छानिएको नेपाल वातावरण संरक्षण केन्द्रले मुलुकभरका १३ जिल्लाहरुलाई अध्ययनको लागि छानेको थियो । सहकारी विभागबाट लिइएको अनुदान कार्यक्रमको प्रभावकारिताको अध्ययन गर्न इलाम र झापा जिल्लामा अध्ययन टोलीका संयोजक सूचना संकलनको लागि टोली सहित स्थलगत भ्रमणमा जानुभएको थियो । उहाँसँग समन्वय गरी सहकारी सस्थाले पाएको अनुदानले पारेको प्रभाव मूल्याङ्कनको स्थलगत अध्ययनको अनुगमन गरिएको थियो ।





(कन्याम अर्ग्यानिक चिया प्रशोधन सहकारी संस्था लि. मा  लक्षित समूहसंगको छलफलमा सहभागी हुदै)

सहकारी विभागबाट अनुदान लिएका बिभिन्न सस्थाहरु मध्ये निम्न प्रयोजनको लागि ७ वटा सहकारी संघसस्थाले अनुदान लिएकाहरुलाई अध्ययनको लागि छनौट गरेको पाइयो ।

- चिया उत्पादन तथा प्रशोधनको लागि २ ( कन्याम अर्ग्यानिक चिया उत्पादन तथा प्रशोधन सहकारी सस्था, सुर्योदय नपा ११ र हरियाली जैविक चिया उत्पादक सहकारी सस्था, माइपोखरी )
- बंगुर पालनको लागि १ ( पञ्चकन्या सहकारी संस्था, पञ्चकन्या ।
- गाइपालनको लागि १ ( जितपुर सहकारी सस्था, जितपुर )
- बाखापालनको लागि १ ( जिल्ला सहकारी संघ, इलाम बजार )
- चिया प्याकेजिंगको लागि  १ ( जिल्ला चिया उत्पादक सहकारी संघ,  इलाम)
- डेरी उध्योगको लागि १ ( कन्याम डेरी सहकारी सस्था लि, सुर्योदय न.पा. ११ )

कन्याम अर्ग्यानिक चिया प्रशोधन सहकारी संस्था लि. का अध्यक्ष श्री खेमराज प्रधान तथा ब्यवस्थापक सूर्य खड्कासमेतको उपस्थितिमा आयोजित लक्षित समूहसंगको छलफल तथा अन्तरक्रियामा सहभागी

हुनुका साथै केही कृषकहरुसंग घरधूरी सर्भेक्षण कार्यको अनुगमन गरी सूचना तथा जानकारी लिइएको छ ।

अनुगमनको क्रममा पाइएका यथार्थताहरु र छलफल तथा अन्तरक्रियामा उठेका मुख्य सवालहरु

कन्याम अर्ग्यानिक चिया उत्पादन तथा प्रशोधन सहकारी सस्थामा १३५ जना शेयर सदस्य, २०६३ सालमा संस्था दर्ता गरिएको, २०६५ सालदेखि कारोबार सुरु र २०७० सालदेखि कारखाना सुरु गरी चिया प्रशोधन गर्न लागेको जानकारी पाइयो । सहकारी संस्थाको नाममा ९ रोपनी ६ आना जग्गा तथा आफ्नै स्वामित्वको कार्यालय भवन र कारखाना संचालनमा रहेको पाइयो । अनुगमनको क्रममा सूचना संकलकले उक्त सहकारीका सदस्यहरुसंग घरधूरी प्रश्नावली भर्ने कार्य सञ्चालन गरिरहेको पाइयो । सोही क्रममा ५ जना कृषकहरुसंग भएको घरधुरी सर्भेक्षण कार्यको अनुगमन गरियो । करिब १ करोडको लागतमा चिया प्रशोधन कारखाना संचालनमा ल्याइएकोमा सहकारी बैंकबाट ५० लाख ऋण लिनुका साथै सहकारी विभागबाट २०६८ सालमा छ लाख अनुदान लिएको जानकारी पाइयो । सहकारीले चिया प्रशोधनका अतिरिक्त हरियो चिया संकलन गरेर बेच्ने र बचत तथा ऋणको समेत कारोबार गर्ने गरेको पाइयो ।  दैनिक १००० के.जि. प्रशोधन मात्र गर्ने क्षमता भएकोले सरदर दैनिक उत्पादन हुने ४००० के.जि. चियामध्ये ३००० के. जि. अन्यत्र विक्रि गरेर १००० के. जि. मात्र प्रशोधन गर्ने गरेको जानकारी पाइयो । हरियो चिया प्रति के. जि. रु. ३५ मा खरिद गरेर प्रति के. जि. रु.४० मा विक्रि गर्ने गरेको र प्रशोधित चिया औसतमा प्रति के.जि. रु. ३५० का दरले भारतको सिलगुढी बजारमा विक्रि गर्ने गरेको जानकारी गराइयो । सहकारीलाई सरकारले दिने अनुदान अत्यन्तै न्यून भएको, अनुदान लिनका लागि सहकारीको सिद्धान्त तथा मूल्य मान्यता अनुरुप नचलेका पहुँचवालाहरुको बोलवाला तथा हानथाप भएकोले अनुदान कार्यक्रम खारेज गरी सहुलियत दरमा ऋण दिन उपयुक्त हुने अधिकांश सदस्यहरुको धारणा रहेको पाइयो । अनुगमनका क्रममा ५ जना कृषकहरुसंग भएको घरधुरी सर्भेक्षण कार्यको अनुगमन गरी सूचना तथा जानकारी लिइयो ।

### ४. सहकारी क्षेत्र सुदृढीकरणअन्तर्गत सहकारी सस्थालाई दिइएको अनुदान कार्यक्रम (झापा) :

सहकारी क्षेत्र सुदृढीकरण अन्तर्गत सहकारी सस्थालाई दिइएको अनुदान कार्यक्रमको प्रभावबारे अध्ययनकर्ता सस्थाले छानेका १३ जिल्लाहरु मध्ये झापा जिल्लामा अध्ययन टोलीका संयोजक सूचना संकलन तथा स्थलगत अध्ययनको लागि सहभागी हुनु भएको थियो । सहकारी संस्थावाट अनुदान लिने सस्थाहरु निम्न बमोजिम रहेका थिए :

- क) बाखापालनको लागि : १ ( सुखानी कृषि सहकारी सस्था लि.)
- ख) सुपारी प्रशोधनको लागि २ ( गौमुखी तथा श्रीकृष्ण सुपारी सहकारी सस्था लि. )
- ग) चिया प्रशोधनको लागि १ ( साना किसान सहकारी सस्था लि )
- घ) गाइपालनको लागि ३ (साना किसान सहकारी सस्था लि, माँकाली दुग्ध उत्पादक सहकारी सस्था लि. तथा हम्सेदुम्से सहकारी सस्था लि. )
- ङ) खाद्य प्रशोधनको लागि २ ( महिला चेतना बहु उद्देश्यीय सहकारी सस्था लि., सामना किसान महिला कृषि सहकारी सस्था लि. )

च) दुध चिस्यानको लागि १ ( अमृत दुग्ध विकास सहकारी सस्था लि. )
छ) मह उत्पादनको लागि १ (सतासी महिला मौरीपालन सहकारी सस्था लि.)

झापा जिल्लामा संचालित हंसेदुम्से दुग्ध उत्पादक सहकारी संस्था आमचोकका अध्यक्ष श्री बोध प्रसाद घिमिरे तथा व्यवस्थापक समेतको उपस्थितिमा आयोजित लक्षित समूहसंगको छलफल तथा अन्तरक्रियामा सहभागी हुनुका साथै केही कृषकहरुसंग घरधुरी सर्भेक्षण कार्यको अनुगमन गरी सूचना तथा जानकारी लिइयो । यस सहकारी सस्थाले हालसम्म सहकारी विभागबाट रु. चार लाख, पशु सेवा क्षेत्रीय निर्देशनालयबाट रु. दुई लाख र पशुपंक्षी बजार प्रबर्द्धनबाट रु. दश लाख अनुदान सहयोग लिएको जानकारी पाइयो । २०६१ सालमा संस्था स्थापना, १८१ जना शेयर सदस्य र १२ जना कर्मचारी कार्यरत रहेको जानकारी पाइयो । सस्थाले दैनिक रुपमा ११०० लिटर दुध संकलन गरी त्यसलाई प्रशोधन गरी केही दुध सिधै बजारमा बिक्री बितरण गर्दै आएको पाइयो । सस्थाले सहकारी विभाग बाहेक अन्य सस्थाबाट समेत ऋण अनुदान लिइएको पाइयो ।

**५. सवालहरु :**

अनुगमनको क्रममा पाइएका यथार्थताहरु र छलफल तथा अन्तरक्रियामा उठेका मुख्य सवालहरु

- तेस्रो पक्ष मूल्याङ्कनको क्रममा सूचना संकलकले उक्त सहकारीका सदस्यहरुसंग प्रश्नावली भर्ने कार्य सञ्चालन गरिरहेको पाइयो । सोही क्रममा ५ जना कृषकहरुसंग भएको घरधुरी सर्भेक्षण कार्यको अनुगमन गरिएको थियो ।
- सस्थाले विभिन्न निकायहरुबाट प्राप्त भएको अनुदान रकम तथा बचत रकम किसानहरुलाई आन्तरिक रुपमा ऋण लगानी गरेको जानकारी प्राप्त भयो ।
- अनुदान बितरण प्रक्रिया पारदर्शी नभएकोले पहूँचवालाले मात्र अनुदान पाएको (हंसेदुम्से दुग्ध उत्पादक सहकारी सस्था लि.) ।
- अनुदान कार्यक्रमले वास्तविक समस्या समाधानमा सहयोग पुचाउनु भन्दा बढीभन्दा बढीलाई भाग लगाएर बाडिएको । रु.दुई करोड लगानी गरेर कारोबार गर्ने सस्थालाई ४ लाख अनुदानले के थप प्रभाव पार्न सक्ला ? ( कन्याम अर्ग्यानिक चिया प्रशोधन सहकारी सस्था लि.) ।
- काम गर्नलाई अनुदान दिनुभन्दा न्यूनतम व्याजदरमा ऋण पाएमा बढी उपयोगी हुने । ( कन्याम अर्ग्यानिक चिया प्रशोधन सहकारी सस्था लि. )
- राज्यले सहकारीहरुलाई सहुलियत दरमा ऋण दिने नीति एवम् दुध प्रशोधन उद्योगलाई राज्यका निकायहरुबाट सहयोग हुनु पर्ने विचार व्यक्त गरेको पाइयो ।

## ६. सुझावहरु:

- सहकारीलाई दिइने अनुदान संस्थाको वित्तीय क्षमताका आधारमा दिनु पर्ने देखिएको । सिन्धुपाल्चोक स्थित कुविन्डे सहकारीको वार्षिक करिब दुई करोडको निक्षेप तथा ऋण परिचालन गर्ने सहकारीलाई दिइएको चार लाख अनुदानको प्रभावकारिता नदेखिएको ।
- अगरवत्ती, सिटरोलासम्वन्धी थप तालिम संचालन र बजारसम्मको पहुँच स्थापित गर्न थप सहयोग गर्नु पर्ने ।
- सहकारी संस्था दर्ता प्रक्रियामा सरलीकरण र सहजीकरण गर्नु पर्ने देखिएको ।

## ७. निश्कर्ष:

सहकारीक्षेत्र सुदृढीकरण आयोजना अनुदान कार्यक्रमको तेश्रो पक्ष मूल्याङ्कन कार्यको स्थलगत अनुगमनका क्रममा लक्षित समूहसंग अन्तरक्रिया, स्थानीय सरोकारवालाहरुसंग छलफल, तेश्रो पक्षबाट भइरहेको घरधूरी सर्भेक्षण कार्य तथा संचालित कार्यक्रमको स्थलगत अवलोकन तथा निरीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ । तेश्रो पक्ष मूल्याङ्कन कार्यलाई स्वतन्त्र, निष्पक्ष एवं यथार्थपरक होस् भन्नका लागि गरिएको यस अनुगमनबाट देखिएका उल्लेखित कमी कमजोरीहरु मूल्याङ्कन प्रतिवेदनमा परे नपरेको सम्बन्धमा आगामी दिनमा ध्यान दिनुपर्ने देखिन्छ । अनुगमनका क्रममा देखिएका उल्लेखित नकारात्मक पक्षहरुको नियन्त्रण गर्दै सकारात्मक पक्षहरुलाई आगामी दिनमा समेत निरन्तरता र प्रोत्साहन दिन सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ । तेश्रो पक्षद्वारा गरिएको उल्लेखित कार्यक्रमको मूल्याङ्कनको प्रारम्भिक कार्य सकारात्मक रुपमा अगाडि बढिरहेको स्थलगत अनुगमनको क्रममा देखिन आएको छ । मूल्याङ्कनकर्ताबाट आउने प्रतिवेदनले कार्यक्रम तथा आयोजनाको सम्बन्धमा थप यथार्थ स्थितिको चित्रण गर्ने अपेक्षा गर्न सकिन्छ ।



( सहकारी अनुदानको मूल्याङ्कन कार्यमा खटिएका सुपरभाईजर र गणकहरुसंग अनुगमन टोली सिन्धुपाल्चोकमा)

**समाप्त**